SitRep

#१६

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

आइतबार ।४ फाल्गुन २०७६ (१६ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो | फाल्गुन ३ गते सम्ममा यो रोग ५०५८० जनामा फैलीसकेको छ भने यस रोगका कारण १५२६ (चीनमा मात्र १५२४) जनाको मृत्यु भैसकेको छ | चीनबाहिर २५ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

| | |
|---|---|
| **विश्वभर** | पुष्टी भएका केसहरू: ५०५८०<br>मृत्यु हुनेको संख्या: १५२६ |
| **चीनमा** | पुष्टी भएका केसहरू: ५००५४<br>मृत्यु हुनेको संख्या: १५२४ |
| **चीन बाहिर** | अन्य प्रभावित देशहरु: २५*<br>पुष्टी भएका केसहरू : ५२६<br>मृत्यु हुनेको संख्या: २ (फिलिपिन्स, जापान) |

* इजिप्टबाट पहिलोपटक एउटा COVID-19 केस रिपोर्ट भएको छ |

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* १ माघ २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ३४ | ३३ | १ |

(* ४ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

**सिन्धुपाल्चोक (९) र सेती प्रादेशिक अस्पताल, धनगडी, सुदूरपश्चिम प्रदेश (१) बाट प्राप्त घाटिको -याल को नमुनाको प्रयोगशाला परिक्षण नजिता (COVID-19 real time RT-PCR) नेगेटिभ आएको छ |**

### चीनबाट नेपाल ल्याइएका नेपालीहरु क्वारेनटाइन केन्द्र, खरीपाटीमा

चीनबाट १७५ जना नेपालीहरु )महिला: ४०, पुरुष: १३५) लाई स्वस्थ र सुरक्षितरुपमा आज बिहान काठमण्डौ ल्याई खरिपाटी स्थित क्वारेन्टाईन केन्द्रमा राखिएकोछ । नेपाल आउनको लागि आवेदन गरेका १८५ जना मध्ये ३ जना पुरुष र १ जना महिला गरी जम्मा ४ **जना नेपाल आउन अनिच्छुक रहेकोले** १८१ जनाको मात्र चीनको उहान स्थित अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्य परिक्षण गरिएको थियो | स्वास्थ्य परिक्षण गर्ने क्रममा शंकास्पद लक्षण देखिएका ६ जना (४ जना पुरुष र २ जना महिला) लाई चीनमा नै सुरक्षित तवरले उच्च स्वास्थ्य निगरानीमा राखिएको छ | COVID-19 real time RT-PCR परिक्षणका लागि आज सबैको घाँटीको -यालको नमूना सङकलन गरीएकोछ । बुधवार सम्ममा परीक्षणको नतिजा आइसक्ने गरी तयारी गरिएकोछ । प्रयोगशाला परिक्षणको नतिजा र शङ्कास्पद लक्षणका आधारमा आवश्यकता अनुसार १४ दिनसम्म क्वारेन्टाईनमा नै राख्ने वा अस्पतालमा राखी उपचार गर्ने व्यवस्था मिलाइएको छ | **क्वारेन्टाईनमा रहेका सबै नेपालीहरु स्वस्थ भएको र क्वारेन्टाईन केन्द्रको कारणले वरिपरिको समुदाय तथा स्थानीय जनतामा स्वास्थ्य सम्बन्धी कुनै खतरा नभएको ब्यहोरा जानकारी गराँदछौं।** यस बिषयमा थप जानकारी लिन तथा स्वास्थ्य सम्बन्धी कुनै परामर्श लिनु परेमा क्वारेन्टाईन केन्द्र बाहिर रहेको स्वास्थ्य शिविरमा सम्पर्क गर्नुहुन सबै स्थानीय जनसमुदायमा अनुरोध छ ।विस्तृत विवरण:- प्रष विज्ञप्ति

चीनबाट नेपालीहरुलाई स्वस्थ र सुरक्षितरुपमा आज बिहान काठमण्डौ ल्याई खरिपाटी स्थित क्वारेन्टाईन केन्द्रमा राख्ने कार्यमा सहयोग, समन्वय र सहकार्य गर्ने सबै निकाय तथा व्यक्तिहरुलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ ।



Ambulances at TIA ready for response



Quarantine center at Kharipati, Bhaktapur

## मुख्य प्रतिकार्यहरू:

- चीन तथा भारतसँग सिमानामा रहेका मुख्य नाका (Point of Entry) मा भएका हेल्थ डेस्कलाई सुदृढीकरण गरिनुका साथै नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाईएकोछ ।
- **हटलाईन सेवा:** सर्वसाधरणको सुविधाका लागि कोरोना भाईरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी जानकारी दिन बिहान ८:०० बजे देखी बेलुका ८:०० बजे सम्म संचालनमा रहेका छन् ।
- कोभिड-१९ रोगको व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रले विभिन्न अन्तरमन्त्रालय र सरोकारवाला निकायहरु बीच समन्वय गरीरहेको छ | क्वारेन्टाईन आबधिभर समन्वयलाई चुस्तदुरुस्त राख्न Duty Roster बनाई कार्यान्वयन गरिएको छ |
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रादेशिक स्वास्थ्य कार्यालय र नेपाल रेडक्रस सोसाइटीले संयुक्त रुपमा क्वारेन्टाईन केन्द्रको स्थानीय स्तरमा जनचेतनामुलक क्रियाकलापहरू संचालन गरेका छन् | यस प्रयोजनका लागि ५० जना स्वास्थ्य कर्मी तथा स्वयंमसेवकहरुलाई तालीम दिइएको छ |
- **स्क्रिनिङ तथा निगरानी:** त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल मार्फत नेपाल भित्रिने सम्पूर्ण यात्रुहरुलाई थर्मल स्क्यानर मार्फत ज्वरो मापन गर्ने; मापदण्ड (>100°F) भन्दा माथि ज्वरो, रुघाखोकी र स्वासप्रश्वासमा अपठ्यारो भएका बिरामीहरुको टेकु अस्पतालमा जाँच गरी आवश्यक उपचार, प्रयोगशाला परिक्षण, परामर्श दिने गरीनुका साथै निगरानीमा राख्ने गरीएको छ ।

## प्रदेशबाट COVID-19 सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरु:-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारेका छन् ।
- जुगल गाउँपालिका, सिन्धुपाल्चोकबाट रिपोर्ट गरीएका बिरामीहरुको स्थिति सामान्य हुँदै गईरहेको छ |
- **COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:**

| | | |
|---|---|---|
| 2019-nCoV IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |


**HEDMU/HEOC**
**Phone:** 01-4250845,
**Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np,
**fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal


"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"